# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) छत्रदेव गाउँपालिका, मितिः २०७६/०३/०७ (संख्या ३**

**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७६ सालको नियमावली नं. ३**

**नियमावलीको नाम : छत्रदेव गाउँ सभामा रहने समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०७६**

**प्रस्तावनाः** गाउँ सभाको कार्य प्रणालीलाई व्यवस्थित र प्रभाकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम छत्रदेव गाउँ सभाले यो नियमावली जारी गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम "**छत्रदेव गाउँ सभामा रहने समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०७६**" रहेकोछ ।

(२) यो नियमावली छत्रदेव गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख. "नियमावली" भन्नाले छत्रदेव गाउँपालिकाको "छत्रदेव गाउँपालिकामा रहने समितिको गठन तथा कार्य सञ्चालन नियमावली २०७६" सम्झनु पर्दछ ।

ग. "अध्यक्ष" भन्नाले यस नियमावली बमोजिम गठन भएका समितिका प्रमुखलाई सम्झनु पर्दछ ।

घ. "समिति" भन्नाले यस नियमावली बमोजिम गाउँ सभाले गठन गरेका विषयगत समिति र समितिहरुलाई सम्झनु पर्दछ ।

ङ. "प्रमुख" भन्नाले गाउँपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।

च. "सदस्य सचिव" भन्नाले यस नियमावली बमोजिम गठन हुने समितिको सचिवको रुपमाकार्य गर्ने गरी कार्यपालिकाले तोकेको शाखा प्रमुख वा कर्मचारीलाई सम्झनु पर्दछ ।

छ. "तोकिए र तोकिए बमोजिम" भन्नाले गाउँ सभा तथा यस नियमावली बमोजिम बनेको कार्यविधिले तोकेको कार्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## विषयगत समिति सम्बन्धी व्यवस्था

**३. विषयगत समिति गठन गर्ने:**

(१) गाउँसभाको कार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिम का विषयगत समिति गठन गरिनेछ।

(क) भौतिक पूर्वाधार विकास समिति,

(ख) सामाजिक विकास समिति,

(ग) आर्थिक विकास समिति,

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति,

(ङ) संस्थागत विकास, क्षमता अभिबृद्धि तथा सुशासन समिति,

(च) सार्वजनिक लेखा समिति,

(छ) विधायन समिति,

**४. समितिमा सदस्यको चयन:**

(१) नियम (३) को उपनियम (१) मा उल्लेखित समिति मध्ये क्रम संख्या (क) देखि (ङ) सम्मका विषयगत समितिहरुमा सभाका प्रमुख र उप्रमुख बाहेकका सदस्यहरुलाई बराबरी हुने गरी समितिमा समावेश गरिनेछ।

(२) उपनियम (१) बमोजिम सभाका सदस्यहरुलाई पहिलो चरणमा आफ्नो रुची र क्षमताका आधारमा आफु समावेश हुन चाहेको समिति छनौट गर्न लगाईनेछ।

(३) उपनियम (२) बमोजिम सदस्यहरुले छनौट गरेको समितिमा संख्या बराबर नभई धेरै वाथोरै हुन आएमा प्रमुखले परामर्श गरी सबै समितिमा बराबरी संख्यामा सदस्यलाई जिम्मेवारी दिइनेछ ।

(४) नियम (३) को उपनियम (१) मा उल्लेखित विधायन समिति र लेखा समिति गठन गर्दा सभाले गाउँ सभाका सदस्य मध्येबाट सदस्यहरुको रुची, क्षमता र आकांक्षाको मूल्याङ्कन गरी प्रत्येक समितिमा ५ जना रहने गरी समिति गठन गर्नेछ ।

**५. समितिको अध्यक्षको चयनः**

(१) नियम ४ बमोजिम गठन भएको समितिको नेतृत्वकर्ताको रुपमा पहिलो बैठकले आफु मध्येबाट १ जनालाई सर्वसम्मत रुपमा अध्यक्ष चयन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अध्यक्षको चयन सर्वसम्मत हुन नसकेमा गाउँ सभाले सम्बन्धित समितिमा रहेका सदस्यहरु मध्येबाट १ जनालाइ जिम्मेवारी तोक्नेछ ।

## परिच्छेद-३

## समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

### ६. समितिको काम, कर्तव्य र अधिकारः

(क) नियम (३) को उपनियम (१) बमोजिम गठन हुने भौतिक पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र संस्थागत विकास, क्षमता अभिबृद्धि तथा सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहनेछ ।

(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले उठाएको श्रोतको सिलिङ र मार्गदर्शनको आधारमा आफ्नो क्षेत्र भित्रको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गरी एकिकृत योजना तर्जुमा समितिमा पठाउने ।

(ग) आफ्नो क्षेत्रभित्रको कानुनको मस्यौदा गरी समितिको अध्यक्षमार्फत विधायन समितिमा पेश गर्ने ।

(घ) विधायन समितिबाट प्राप्त सुझाव सहितको मस्यौदालाई कार्यपालिकामा पेश गरी कार्यपालिकाको स्वीकृती पश्चात अध्यक्ष मार्फत सभामा विधेयक पेश गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्रको नीति तथा कार्यक्रम र वजेट कार्यान्वयन मा कार्यपालिकालाई सहयोग एवं समन्वय गर्ने ।

(ङ) समितिले आवश्यकता र औचित्यको आधारमा आफ्नो कुनै विषयमा स्थलगत अध्ययन एवं अवलोकन गरी आवश्यक सल्लाह, सुझाव, समन्वय एवं निर्देशन दिने ।

(च) तोकिए बमोजिम अन्य कार्यक्रम

**७. विधायन समितिको काम, कर्तव्य र अधिकार**

(१) विधायन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विषयगत समितिहरुबाट प्राप्त क्षेत्रगत विधेयकहरुको मस्यौदाहरु अध्ययन गरी आवश्यक सुझाव सहित सम्बन्धित समितिमा फिर्ता गर्ने ।

(ख) गाउँसभाले जारी गर्नुपर्ने आवश्यक कानुनहरुको अध्ययन गरी मस्यौदा तयार गर्न कार्यपालिकालाई सहयोग गर्ने ।

(ग) सरोकारवालाहरुलाई गाउँपालिकाले जारी गरेका कानुनहरुको सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(घ) कानुनको सञ्चार गर्ने ।

(ङ) तोकिए बमोजिम अन्य कार्यक्रम

**८. लेखा समितिको काम, कर्तव्य र अधिकारः**

(१) लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) गाउँ कार्यपालिकालाई वित्तीय अनुशासन कायम गर्न आवश्यक सल्लाह, समन्वय र निर्देशन दिने ।

(ख) सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी बनाउन आवश्यक नीति, कानुन, कार्यक्रम तर्जुमा गरी कार्यपालिका मार्फत सभामा पेश गर्ने ।

(ग) गाउँपालिकाको वेरुजुको अध्ययन गर्ने, वेरुजु फछ्र्यौटमा कार्यपालिकालाई आवश्यक सहयोग, समन्वय र निर्देशनदिने ।

(घ) गाउँ कार्यपालिका तथा अन्य सार्वजनिक निकायमा वित्तीय अनुशासन कायम गर्न आवश्यक समन्वय, सहजिकरण र निर्देशनदिने ।

(ङ) तोकिए बमोजिम अन्य कार्यक्रम ।

## परिच्छेद-४

## विषयगत समितिको कार्यक्षेत्र

९. **समितिको कार्यक्षेत्रः**

(१) पूर्वाधार विकास समितिको कार्यक्षेत्र देहायअनुसार हुनेछ ।

(क) सडक तथा पुल,

(ख) सूचना तथा सञ्चार,

(ग) सिंचाई,

(घ) उर्जा, लघु तथा साना जलविद्युत,

(ङ) भवन तथा सहरी विकास,

(च) वैकल्पिक उर्जा

(२) सामाजिक विकास समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) शिक्षा

(ख) स्वास्थ्य

(ग) खानेपानीतथा सरसफाई,

(घ) कला संस्कृति प्रबर्द्धन,

(ङ) जनसंख्या व्यवस्थापन

(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

(छ) लक्षित तथा बहुसरोकारका क्षेत्र

(ज) युवातथा खेलकुद

(३) आर्थिक विकास समितिको कार्यक्षेत्र देहाय बमोजिमको हुनेछ ।

(क) कृषि तथा पशु विकास,

(ख) सहकारी,

(ग) वित्तीय क्षेत्र,

(घ) उद्योग तथा वाणिज्य,

(ङ) पर्यटन,

(च) रोजगारी

(४) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको कार्यक्षेत्र देहायअनुसार हुनेछ ।

(क) वनतथा भुसंरक्षण,

(ख) फोहोर मैला व्यवस्थापन,

(ग) जलाधार संरक्षण,

(घ) जलउत्पन्न तथा प्रकोप नियन्त्रण,

(ङ) वातारण संरक्षण,

(च) जलवायु परिवर्तन,

(छ) विपद् व्यवस्थापन,

(ज) वारुण यन्त्र सञ्चालन

(५) संस्थागत विकास, क्षमता अभिबृद्धि र सुशासन समिति

(क) मानव संशाधन विकास,

(ख) सामान्य सेवाव्यवस्थापन,

(ग) संस्था क्षमता विकास,

(घ) सुरक्षा व्यवस्थापन,

(ङ) स्थानीय तथ्याङ्क व्यवस्थापन तथा अभिलेख व्यवस्थापन,

(च) सार्वजनिक सुनुवाई,

(छ) सार्वजनिक परिक्षण,

(ज) पञ्जिकरण व्यवस्थापन,

(झ) अनुसन्धान तथा विकास,

(ञ) अन्यत्र वर्गिकरण नभएको कार्य क्षेत्र

## परिच्छेद-५

## समितिको बैठक सञ्चालन, निर्णय प्रकृया र प्रतिवेदन

### १०. समितिको बैठक प्रकृयाः

(१) समितिको बैठक आवश्यकता र औचित्यताको आधारमा बस्न सक्नेछ ।

(२) समितिको अध्यक्षले बैठकमा छलफल गर्ने विषय सहित बैठकको आव्हान गर्नेछ ।

(३) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले बैठकमा सदस्यहरुलाई आमन्त्रण गर्नु पर्नेछ ।

### ११. समितिको निर्णय प्रकृयाः

(१) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(२) उपनियम (१) बमोजिम निर्णयमा सर्वसम्मत हुन नसकेमा सबै सदस्यको धारणा सहितको प्रतिवेदन सभामा पेश गर्नुपर्नेछ ।

(३) गाउँ सभाले पेश भएको प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय लिन सक्नेछ ।

### १२. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :

(१) समितिहरुले आफ्नो वार्षिक प्रतिवेदन गाउँसभामा पेश गर्नु पर्नेछ ।

(२) गाउँ सभाले प्रतिवेदन उपर छलफल गरी कार्यान्वयनको लागि गाउँ कार्यपालिकामा पठाउनेछ ।

(३) गाउँ सभाले दिएको प्रतिवेदन र निर्देशन कार्यान्वयन गर्नु कार्यपालिकाको दायित्व हुनेछ ।

## परिच्छेद-६

## विविध

**१३. आमन्त्रण गर्न सक्ने :**

(१) समितिले कामकारवाहीको सन्दर्भमा गाउँ कार्यपालिकाको पदाधिकारी, सदस्यएवं सम्बन्धित कर्मचारी वा जिम्मेवार व्यक्तिलाई बैंठकमा बोलाउन सक्नेछ ।

(२) समितिले आफ्नो काम कारवाहीको सन्दर्भमा सम्बन्धित विषयको विज्ञ एवं विशेषज्ञको सेवालिन सक्नेछ ।

**१४. सदस्य सचिव सम्बन्धी व्यवस्था:** सबै समितिहरुको सचिवको रुपमा काम काज गर्न सम्बन्धित शाखा प्रमुख वा कार्यपालिकाले तोकेको अधिकृत प्रतिनिधि सदस्य सचिवको रुपमा खटाउनेछ ।

**१५. अन्य समिति गठन गर्न सक्ने:** गाउँसभाले आवश्यकता र औचित्यताको आधारमा अन्य समिति गठन गर्न सक्नेछ ।

**१६. कार्यविधि बनाउन सक्ने:** समितिले यस नियमको अधिनमा रही समिति सञ्चालन सम्बन्धी कार्यविधि बनाउन सक्नेछ ।

**१७. नियमावलीको संशोधन:** (१) गाउँ सभाले आवश्यकता अनुसार यस नियमावलीको संशोधन गर्न सक्नेछ ।

प्रमाणीकरण मिति: २०७६/०३/०७

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका